मितिः २०७०।१२।२७

श्रीमान कार्यकारी अधिकृत ज्यु

सिद्धार्थननगर नगरपालिका कार्यालय, सिद्धार्थनगर ।

**विषयः आ.ले.प. प्रतिवेदन पेश गरेको ।**

महोदय,

उपरोक्त विषयमा नम्र निवेदन यो छ की यस कार्यालयको आ.व.२०७०।०७१ को दोश्रो चौमासीक अवधिको आन्तरीक लेखापरीक्षण प्रतिवेदन यसै साथ संलग्न गरी पेश गरेको व्यहोरा अनुरोध छ ।

यादव प्रसाद सापकोटा

आ.ले.प.अधिकृत

सि.न.पा.कार्यालय,सिद्धार्थनगर

राजश्व तर्फः

नगर क्षेत्र भित्र संचालित अधिकाशं सहकारी संस्था तथा वीमा कम्पनीहरु दर्ता भएको नपाईएकोले दर्ताको लागि पहल गर्नु पर्ने ।

कम्प्युटरकृत गरिएको व्यवसायकरको लगतलाई अझ व्यवस्थित रुपमा राख्नको लागि व्यवसायीहरुको ब्यक्तिगत खाता संग मिलान गर्नु पर्ने देखिन्छ ।

प्रत्येक महिनाको ७ गते भित्र नगरपालिकाको पसल कवल तथा जग्गाको भाडा देहाय बमोजिमका ब्यक्ति तथा संस्थाको अशुल हुन बाँकी देखिन्छ ।

- कवल नं. ४ महवुव आलमको पौष देखि फागुन सम्मको घर भाडा रु ३०००।– का दरले रु ९०००।–र विद्युत महशुल रु १९२०।–अशुल हुन बाँकी ।
- लेखापढी ब्यवसायी संघको माघ र फागुनको रु ३०००।–का दरले रु जम्मा रु ६०००।– बाँकी देखिन्छ ।

**वेलहिया स्थित जीप पार्कमा पसल गर्ने हरुमा**

- प्रेम कुमारी थापा गुरुङ्गको मासिक रु १३२०।–का दरले तीन महिनाको जम्मा रु ३९६०।– बाँकी देखिन्छ ।
- अमित थापाको फागुन महिनाको रु१२१०।– बाँकी
- कपिल कुमार चन्द मंसिर देखि फागुन सम्मको रु ६६००।– बाँकी ।
- उत्तम आलेको फागुन महिनाको रु १३२०।– बाँकी ।
- प्रेम वहादुर गुरुङ्गको फागुन महिनाको रु १४३०।– बाँकी ।
- जमुना गुरुङ्गको माघ र फागुनको रु ११००।–का दरले रु २२००।–बाँकी
- वेल वहादुर गुरुङ्गको माघ र फागुनको रु ८८०।–का दरले रु १७६०।–
- रतन वहादुर आलेको फागुनको रु ६६०।– बाँकी ।
- रामु चन्दको श्रावण देखि फागुन सम्मको रु ८८०।– का दरले रु ७०४०।– बाँकी ।
- आशा पौडेलको फागुन महिनाको रु ७७०।– बाँकी ।
- रोशन थापा मगरको फागुन महिनाको रु ८८०।– बाँकी ।
- शालु राईको रु २२०।–का दरले माघ र फागुनको रु ४२०।– बाँकी ।
- राम वहादुर सारुको मंसिर देखि फागुन सम्मको रु ६६०।–का दरले रु २६४०।–बाँकी ।
- सुनिता ज्ञवालीको फागुनको रु ८८०।– बाँकी ।
- रामप्यारी थापाको भाद्र देखि फागुन सम्म रु ११००।–का दरले रु ७७००।– बाँकी ।
- धन वहादुर गुरुङ्गको कार्तिक देखि फागुन सम्मको रु १३२०।– का दरले रु ६६००।–बाँकी ।
- राम थापाको मंसिर देखि फागुन सम्मको रु १३२०।–का दरले रु ५२८०। बाँकी

आ.ले.प.अधिकृत

- सालु राई मासिक रु २००।–का दरले माघ र फागुनको रु ४००।– बाँकी
- रामप्यारी थापाको फागुन महिनाको रु १०००।– बाँकी
- राम थापाको मासिक रु १२००।–का दरले कार्तिक देखि फागुन सम्मको रु ६०००।– बाँकी ।

**एकिकृत सम्पत्तिकर तर्फः**

कुल करदाता करिव १४२०० मध्ये आ.व.२०७०।०७१ को दोस्रो चौमासीक अवधिको अन्त्य सम्म ८५२६ जना करदाताहरु एकिकृत सम्पत्तिकरको दायरामा आएको देखिन्छ । दोस्रो चौमासिक अवधिको अन्त सम्म बक्यौता सहित रु १,५०,३३,८२७।२५ अशुली भएको देखिन्छ ।

- तथ्याङ्क प्रविष्टि गर्दा केही रकम असम्वन्धित शिर्षकहरुमा प्रविष्ट भएको पाईयो । कम्प्युटर प्रविष्टि गर्दा ध्यान पूर्वक गर्नु पर्ने र देखिएका गल्तीहरुलाई तुरुन्त सुधार गर्नु पर्ने देखिन्छ ।
- यु.सि.एम.एस. भैरहवाको रु ४८,४०,५७५।६६ वक्यौता देखिन्छ । अशुलिको लागि विशेष पहल गर्नु पर्ने देखिन्छ ।
- नेशनल ट्रेडिङ्ग लि. भैरहवाको हाल सम्म रु ८,४७,३७७।४२ वक्यौता देखिन्छ । नियमानुसार अशुल गर्नु पर्ने ।
- जग्गा खरिद विकीको लगत कार्यालयमा नभएकोले मुल्याङ्कन गर्न कठिनाई भएको पाईयो । कार्य सरलताको लागि मालपोत कार्यालयवाट नियमित रुपमा लगत प्राप्तीको लागि पहल गर्नु पर्ने ।
- करदाताले पेश गर्ने विवरणमा घर हुनेको हकमा नक्शा अनिवार्य रुपमा संलग्न गर्नु पर्ने ।
- बक्यौता अशुली कार्यलाई प्रभावकारी बनाउन ठूला करदाताहरु लाई विजक पठाउने व्यवस्था गर्नु पर्ने ।
- कतिपय आवश्यक तथ्याङ्क तथा प्रतिवेदनहरु कम्प्युटर सफ्टवेयरबाट प्राप्त हुन नसकेकोले सफ्टवेयर कम्पनी संग समन्वय गरी समस्या समाधान गर्नु पर्ने ।

**चालु खर्च तर्फः**

- गो.भौ.नं.१८३ र पुँजीगत तर्फको गो.भौ.नं. ११२ बाट २०७० पौष मसान्त सम्मको वसपार्क निर्माण र तरकारी तथा फलफूल बजारको कुल साँवा रु २८४५९०।३० र सोही अवधि सम्मको ब्याज रु १७८५६२।३६ गरी जम्मा रु ४६३१५२।६६ नगर विकाश कोषलाई भुक्तानी दिएकोमा तरकारी तथा फलफुल बजारका ठेकेदार सफिक निर्माण सेवा सिद्धानगरले आफ्नो ऋणको साँवा रकम रु३७१७१।६२ र ब्याज ४७१५०।९२ बुझाउनु पर्नेमा न.पा. बाट भुक्तान भएकोमा सम्वन्धित ठेकेदारवाट अशुल गरी आम्दानी बाध्नु पर्ने देखिन्छ ।

आ.ले.प.अधिकृत

- गो.भौ.नं.२३५, नेशनल स्टेशनरी एण्ड जनरल स्टोर्स सि.न.लाई वजेट पुस्तीका छपाई गर्ने एउटै कामको ४ वटा विलबाट रु १९९४०।–भुक्तानी भएको देखिन्छ । मु.अ.करमा दर्ता भएका फर्म संग कारोवार गर्नु पर्ने ।
- गो.भौ.नं.२४३, नेपाल नगरपालिका कर्मचारी एशोसिएसन इकाई समिति सिद्धार्थनगर द्वारा जनचेतना कार्यक्रमको लागि रु १२६००।–खर्च भएकोमा कुन प्रयोजनको कस्तो कार्यक्रम हो कार्यक्रम, विषयवस्तु संलग्न गर्नु पर्ने ।

**पुंजीगत खर्च तर्फ :**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय निकाय आ.प्र. नियमावली २०६४ मा विकाश निर्माणका कार्यहरु अमानतमा गर्ने प्रावधान हटाईएको भएता पनि देहायका कार्यहरु अमानतमा भएको पाईएकोले अमानतमा काम गर्ने परिपाटीलाई निरुत्साहित गर्नु पर्ने देखिन्छ ।

- गो.भौ.नं. ७२,७६ : जिल्ला अतिथी गृह स्थित सेड घर निर्माण गर्न ल.ई. ३४१००९।२३ भई ई. मधु गौतमलाई कार्यादेश भएकोमा रु ३३२५१४।३५ भुक्तानी भएको देखिन्छ ।
- गो.भौ.नं.१३१, नेशनल ट्रेडिङ्ग लि.को कम्पाउण्ड भित्र आल्मुनियमको पार्टिशन गर्न ल.ई.रु. ३३४०२८।– भएकोमा अमानतमा कामगर्न कार्यादेश भई ३,०६,६००।– भुक्तानी भएको दखिन्छ ।
- गो.भौ.नं.१४६, सि.न.पा. ७ स्थित गार्गी पथमा नाला तथा सडक पीच कार्यको लागि ल.ई. रु ३,७५,०००।– अमानतमा कार्यादेश भएकोमा रु.३,५१,९४३।१४ भुक्तानी भएको देखिन्छ ।
- गो.भौ.नं. १५७, भैरहवा वहुमुखी क्याम्पसको तला थप कार्य ल.ई.रु ११,२३,४५३।२७ स्वीकृत भई ई.मधु गौतमलाई अमानतमा काम गर्न कार्यादेश भएकोमा प्रथम रनिङ्ग विल रु ५,३६,७३१।४३ भुक्तानी भएको देखिन्छ ।

स्थानीय निकायबाट संचालित सवै आयोजनाको आयोजना स्थलमै सार्वजनिक परीक्षण गराउनु पर्ने व्यवस्था भएकोमा हाल उपभोक्ता समितिबाट संचालित आयोजनाहरुको मात्र सार्वजनिक परीक्षण गराएको पाईएकोले नियमानुसार सवै आयोजनाहरुको सार्वजनिक परीक्षण गराउनु पर्ने ।

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्य विधिको दफा २३(ण) अनुसार २ लाख भन्दा माथीका आयोजनाहरुको अनुसूची-१२ बमोजिम आयोजनाको लगत खाता राख्नु पर्ने ।

आ.ले.प.अधिकृत

पाँच लाख वा सो भन्दा बढी लागत अनुमान भएका कार्यक्रम वा आयोजनाहरुको नाम, लागत अनुमान, सम्झौता मिति, सम्पन्न हुने मिति लाभान्वित जनसंख्या, लागत सहभागिता जस्ता विवरण सहितको सूचना पाटी सर्वसाधरणले देख्न सक्नेगरी आयोजना स्थलमा राख्नु पर्ने ।

ऐन, नियमको भावना अनुसार साठी लाख सम्म लागत अनुमान भएका कार्यक्रम वा आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन प्राथमिकता दिनु पर्ने ।

**धरौटी तर्फः**

बैंक स्टेटमेन्ट अनुसार फागुन मसान्तको अन्तिम मौजदात रु ४८,४३,४२८।१५ भएको र बैंक नगदी किताव अनुसार अन्तिम मौजदात रु ४५,४५,१३५।८९ देखिन्छ । फरक रु २,९८,२९२।२६ को विवरण देहाय बमोजिम छ :

| | | |
|---|---|---|
| भुक्तानी हुन बाँकी चेक नं. २३३१७७२ बाट | | रु २०००।– |
| ,, | ७७७ ,, | रु २०००।– |
| ,, | ७७८ ,, | रु २२५८९५।२६ |
| गत वर्षको | | रु ६५३९७।– |
| भैचर प्राप्त हुन बाँकी | | रु ३०००।– |
| जम्मा : | | रु २,९८,२९२।२६ |

**कर्मचारी कल्याण कोष तर्फः**

| | |
|---|---|
| शुरु मौजदातः | रु ३५७०६।२८ |
| निकासा | : रु ५१,००,०००।– |
| खर्च | : रु २७,३५,००४।४१ |
| बाँकी | : रु २४,००,७०१।८७ |

खर्च मध्येको रु १,३३,००९।३७ आय कर कट्टा वापतको रकम राजश्व दाखिला हुन बाँकी देखिन्छ । निकट भविश्यमा धेरै संख्यामा कर्मचारीहरु अवकाश हुन गईरहेकोले अवकाश कोषमा संचित रकम अपर्याप्त छ । सोको लागि विशेष व्यवस्था गर्नु पर्ने दखिन्छ ।

**जिन्सी तर्फ :**

- जिन्शी शाखामा जडित जिन्शीको सफटवेयर आंशिक रुपमा प्रयोगमा आएको दखिन्छ । पूर्ण प्रयोगमा ल्याउनको लागि थप तालिमको आवश्यकता देखिन्छ ।
- अधिकाशं सवारी साधनहरुको नियमानुसार लगबुक भरेको पाईएन । अनिवार्य रुपमा अनुसूची-४५ अनुसारको सवारी लगबुक भर्नु पर्ने देखिन्छ ।

आ.ले.प.अधिकृत

- रसिद नियन्त्रण खाता हाल सम्म नराखिएकोले अविलम्ब व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- हाल चलन चल्तीमा नरहेका कतिपय फारम तथा अनुसूचीहरु लिलाम बिकी गर्नु पर्ने दखिन्छ ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारका मर्मत गरी संचालन योग्य सामानहरु मर्मत गर्न र मर्मत गर्न नसकिने माल सामानहरु लिलाम बिकी गर्नु पर्ने ।
- कार्यालयमा आवश्यक सामान खरिद गर्दा स्वीकृत खरिद योजना अनुसार गर्नु पर्ने ।
- जिन्शी दाखिला नभएका र दाखिला नै गर्नु नपर्ने सामानहरुको पनि रजिष्टरमा दाखिला गरेको पाईएकोले त्यस्ता प्रकृतीका सामानहरु जिन्शी दाखिला नगर्न सुझाव छ ।

**एकिकृत शहरी विकाश परियोजना तर्फः**

एकिकृत शहरी विकाश परियोजना तर्फ कुल निकासा रु २८९२९०००।– भएकोमा रु २१००९०२९।५९ खर्च भई ७९१९९७०।४१ मौजदात देखिन्छ ।

- गो.भौ. नं.२९ solid waste management कार्यक्रमको खर्च भनेर होटल ह्वाइट लोटसको रु ५०८९५।२० को विल संलग्न भएकोमा कार्यक्रमको विषयवस्तु , उपस्थिती आदि संलग्न हुनु पर्ने ।
- गो.भौ.नं. ३२ः नेपाल ग्रामिण विकाश केन्द्र (NRDC) लाई भुक्तानी दिदा घर बहाल वापत मासिक रु २०,०००।–भुक्तानी भएकोमा नियमानुसार नगरपालिकालाई २ प्रतिशत कट्टा गरी भुक्तानी दिनु पर्ने र दश प्रतिशत आन्तरिक राजश्व कार्यालय दाखिला गरेको निस्सा संलग्न गर्नु पर्ने ।

यादव प्रसाद सापकोटा
आ.लै.प. अधिकृत
सि.न.पा.कार्यालय

आ.लै.प.अधिकृत

अनुसूची-७४

# सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर
## आन्तरिक लेखापरीक्षण प्रतिवेदन

प्रतिवेदनको अवधि: मिति २०७०।०७।३० देखि २०७०।११।३० सम्म

कार्यालय प्रमुखको नाम: टीकादत्त राई

स्वीकृत वार्षिक वजेट : रु.१९,६१,९८,३७५।९९

आ.प्र.शाखा प्रमुखको नाम: गणेश वहादुर क्षेत्री आ.ले.प.शाखा प्रमुखको नाम: यादव प्रसाद सापकोटा

| सि.नं. | गोश्वारा भौ.नं. | आ.ले.प. गर्दा देखिएको मुख्य ब्यहोरा | नियमित गर्ने रकम रु | अशुल गर्ने रकम रु | पेश्की रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| १ | १२१ | सिद्धार्थ मशिनरी स्टोर्स सि.न.को विल नं.२२१को पि.भि.सि.गार्डेन पाईप ५.५००केजीको रु १६५।का दरले ९०७५० हुनु पर्नेमा रु ९०७८।०० भुक्तानी गएको | | ८१७०।५० | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

पुनश्च: वार्षिक वजेट रु २७,४१,२०,०००।- भएकोमा सत्रौं नगर परिषदबाट संशोधन भइ रु १९,६१,९८,३७५।९९ गरिएको ।

आ.ले.प. शाखा प्रमुखको दस्तखत:

मिति: २०७०/१२/२८

आ.ले.प. अधिकृत